# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, पोखरा

इमेल: info@pokharamun.gov.np

वेभसाइट: pokharamun.gov.np


पत्र संख्या: २०८०/०८१

चलानी नं.

मिति: २०८०/१०/२९

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

रोजगारीको हक सम्बन्धी ऐन २०७४ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८१/८२ मा यस महानगरपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सामाजिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीमा संलग्न नभएका, नेपाल सरकारले तोकेको न्यूनतम पारिवारिक आय वार्षिक रु **६६,८००/-** भन्दा कम रहेका **१८ देखि ५९ वर्ष** उमेर समूहका बेरोजगार व्यक्तिहरूले **२०८० फाल्गुन मसान्त** भित्रमा आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगारको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदन सम्बन्धित वडा कार्यालय, पालिकाको वेबसाइट www.pokharamun.gov.np वा रोजगार शाखाबाट निःशुल्क प्राप्त गर्न सकिने छ । निवेदन दिनको लागि आवश्यक कागजातहरू तपसिल बमोजिम रहेका छन् । सम्पूर्ण विवरण भरी वडा कार्यालयले प्रमाणित गरेका निवेदन मात्र EMIS मा दर्ता गरिने हुँदा सो बमोजिम गर्नु/गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ ।

**तपसिल**

१. सम्बन्धित व्यक्तिको फोटो र नागरिकताको प्रतिलिपि १/१ प्रति ।
२. परिवारका सम्पूर्ण सदस्यहरुको पारिवारिक तथा नागरिकताको विवरण (जन्म मिति, नागरिकता नं र जारी मिति, शैक्षिक योग्यता, रोजगारीको अवस्था र सामाजिक सुरक्षा भत्ता बुझे/नबुझे को विवरण) ।
३. आवश्यकता अनुसार विवाह दर्ता तथा बसाइसराइ प्रमाणपत्रको प्रतिलिपि ।
४. वैंक खाताको विवरण ।
५. सम्बन्धित व्यक्तिको वा परिवारको सम्पर्क नम्बर ।

थप जानकारीका लागि

पोखरा म न पा , श्रम तथा रोजगार शाखा ०६१-५९१२१३
रोजगार संयोजक, विष्णु प्रसाद दाहाल ९८५६००१००२

.....................

श्यामकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत